REGIONAL NEWS UNIT

ALL INDIA RADIO GANGTOK

NEPALI NEWS BULLETIN

BROADCAST: 18:40 hrs Date: 22.08.2025

## Online Gaming PC

सिक्किममा पछिल्ला केही दिनदेखि कथित गैरकानुनी अनलाइन गेमिङमाथि प्रतिबन्ध लगाइएको छ। राज्य सरकारको पहलमा यो प्रतिबन्ध लगाइएको हो। अहिले राज्यमा खेलो बेट लगायत अन्य विभिन्न प्रचलित अनलाइन गेम अचल अवस्थामा छन्। उल्लेखनीय छ, सिक्किम सरकारको पहलपछि हालै केन्द्र सरकारले पनि देशमा नै अनलाइन गेमिङ बन्द गर्ने पहल गर्दै संसदमा विधेयक पारित गरेको छ।

राज्यमा यसको प्रतिबन्दबारे सरकारको प्रगतिको जानकारी दिँदै आज राजधानीस्थित सिक्किम पुलिसको मुख्यालयमा सम्पन्न संयुक्त पत्रकार सम्मेलनलाई सिक्किम पुलिसका डीआइजी (रेञ्ज) तेञ्जिङ लोडेन लेप्चा र सिक्किम सरकारको लटरी विभागका प्रधान निदेशक पवन अवस्थीले सम्बेधन गर्नुभयो। डीआइजी लेप्चाले जानकारी गराएअनुसार गत एक जुलाईमा चौरतरवटा अनलाइन गेमिङ साइट विरुद्ध प्राथमिकी दर्ता गराइएको थियो भने अहिलेसम्म करिब नब्बेवटा साइट विरुद्ध कार्यवाही भइसकेको छ। श्री लेप्चाले भन्नुभयो, कार्यवाहीको क्रममा सिक्किम पुलिसले अनलाइन गेमिङको वित्तीय लेनदेन गर्ने जम्मा पाँटवटा ब्याङ्क एकाउण्ट फ्रिज गरेको छ, जसको कारण करिब बत्तीस करोड़ रुपियाँ फ्रिज भएको छ। उहाँअनुसार सिक्किममा खेलो बेट नामक अनलाइन ग्यामिङमा मात्र पच्चीस हजारभन्दा अधिक पञ्जीकृत उपभोक्ताहरू छन्।

लटरी विभागका प्रधान निदेशक अवस्थीले भन्नुभयो, राज्यमा अनलाइन गेमिङको कुलत अनि त्यसबाट हुने वित्तीय र अन्य क्षतिलाई ध्यानमा राखेर विभाग अनि सरकारले विगत दुई वर्षदेखि नै गैरकानुनी अनलाइन गेमिङ विरुद्ध पहल गरिरहेको थियो। यसबारेमा जानकारी दिँदै उहाँले भन्नुभयो.......

---------------------------------------X---------------------------------------

## Mission Clean Sky

गान्तोक जस्तो स्वच्छ अनि सुन्दर शहरमा जमीन माथिबाट लगिएका विद्युतीय तथा अन्य तारले निम्त्याएको गम्भीर समस्यालाई ध्यानमा राखेर गान्तोक जिल्ला प्रशासनले गान्तोक नगर निगम, इन्टरनेट सेवा प्रदाता र सम्बन्धित विभागसितको समन्वयमा गान्तोकभरि टेलिकम र इन्टरनेट केबलहरू व्यवस्थित र नियमन गर्न 'मिशन क्लिन स्काई' अभियान शुरू गरेको छ। यसबाट हुने अन्य विभिन्न समस्यालाई मध्य नजर गरेर सम्बन्धित निकायले यस अभियानअन्तर्गत प्रयोग नभएका, अव्यवस्थित सबै तारहरू हटाउने, सम्भव भएका ठाउमा तारहरूलाई जमीनमुनी लैजाने र अन्य क्षेत्रमा व्यवस्थित ढङ्गमा राखिने बताएको छ। तारहरू खुल्ला र अव्यवस्थित ढङ्गमा राख्न अनुमति नदिइने पनि जनाएको छ।

MG मार्ग र लाल बहारबाट आजदेखि शुरू भएको यो अभियान अब चरणबद्ध रूपमा राजमार्गसहित सबै सार्वजनिक मार्गहरूमा चलाइनेछ।

---------------------------------------X---------------------------------------

## Pakyong Connect Earth

पाकिम जिल्लाको सामसिङमा Connect Earth-Sweat Contribution Centre-अन्तर्गत स्थानीय कर्मचारीहरूले कोदो रोपे। यस कार्यक्रममार्फत मानिसहरूले सामुहिक सहभागिताको माध्यमबाट बाँजो भूमिलाई खेतीयोग्य बनाउन भौतिक प्रयास गरे। मुख्यमन्त्री प्रेमसिंह तामाङको टिकाउ कृषिलाई प्रवर्द्धन गर्ने अनि बाँजो जमीनलाई उत्पादक बनाउनमा उपयोग गर्ने दृष्टिकोणअनुरूप यो पहल अघि बढ़ाइएको हो।

यस जिल्लाको ग्रामीण विकास विभागअन्तर्गत अतिरिक्त जिल्लाधीश (विकास) कार्यालयले यस पहललाई अघि बढ़ाइरहेछ अनि आज सिक्किमका Millet Man-ले प्रख्यात छिरिङ ग्याछो लेप्चाको सहयोगमा कोदो रोपण सम्पन्न भयो।

आजको गतिविधिस्वरूप सामसिङमा मुड्के, स्यालपुछ्रे र नङ कट्वा जस्ता विभिन्न प्रजातिका कोदो रोपियो।

अतिरिक्त जिल्लाधीश विकास रोबिनप्रसाद सेवाले यस पहलमा पुऱ्याएको सहयोग र मार्गदर्शनका निम्ति श्री लेप्चाप्रति आभार व्यक्त गर्दै यो पहल उहाँकै प्रेरणामा गरिएको बताउनुभयो। उहाँले यस स्थानलाई पुरानो खाद्य बालीका लागि seed ब्याङ्कका

रूपमा विकास गर्ने योजना रहेको कुरा पनि साझा गर्नुभयो।

----------------------------------------X----------------------------------------

Foundation Day

सोरेङ जिल्लाको थर्पुस्थित शिरिजङ्गा याकथिम साक्थिम फोजुम्बोको पौंतालीसौं स्थापना दिवसको अवसरमा आयोजित दुई दिवसीय कार्यक्रम आजदेखि शुरू भयो। यहाँको साँस्कृतिक भवनमा आयोजित कार्यक्रमको पहिलो दिन क्षेत्र विधायक एवं समारोह समितिका मुख्य संरक्षक आदित्य गोले, मन्त्री भीमहाङ सुब्बा लगायत अन्य उपस्थित हुनुहुन्थ्यो।

कार्यक्रमको आकर्षणको रूपमा लिम्बू विद्यार्थी र युवाहरुलाई समेटेर लिम्बू समुदायबाट विस्तारै हराउँदै गइरहेका पारम्पारिक नृत्य, मुन्धुम, संस्कार-संस्कृति, आभूषण जस्ता विषयवस्तुमाथि कार्यशाला रहेको थियो।

----------------------------------------X----------------------------------------

SSBC

चौतीसौं सिक्किम राज्य ब्याडमिन्टन च्याम्पियनशिप २०२५-मा राज्यको छहवटै जिल्लाका दुई सय पचासभन्दा अधिक खेलाड़ीहरूले सहभागिता जनाइरहेछन्। कार्यक्रमका मुख्य अतिथि मन्त्री सामडुप लेप्चाले पाल्जर स्टेडियम परिसरको इन्डोर ब्याडमिन्टन हलमा खेलाइने प्रतियोगिता आजबाट शुरू भएको घोषणा गर्नुभयो। चार दिवसीय प्रतियोगिताको आयोजना सिक्किम ब्याडमिन्टन संगठनले गरेको हो।

मन्त्री श्री लेप्चाले राज्य स्तरीय प्रतियोगितामा भाग लिने सबै प्रतिभागिहरूलाई बधाई एवं शुभकामना दिँदै भविष्यमा धेरै उँचाईमा पुग्नका निम्ति यस मञ्चको भरपूर लाभ उठाउने अनुरोध गर्नुभयो। जित र हार भनेको सिक्काको दुई पाटा जस्तै भए तापनि निरन्तर प्रयास भने सबैभन्दा महत्त्वपूर्ण कुरा हो भन्दै उहाँले राज्यको नाम राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरमा पुऱ्याउन आफ्नो अभ्यासलाई निरन्तरता दिन अनि प्रतियोगितामा समर्पणका साथ खेल प्रदर्शन गर्न पनि खेलाड़ीहरूलाई प्रोत्साहित गर्नुभयो।

----------------------------------------X----------------------------------------